२०७५ सालको ऐन नं. १

# डिलासैनी गाउँपालिकाको आर्थिक ऐन, २०७५

गाउँ सभाबाट स्वीकृत मिति :२०७५।०३।२६

डिलासैनी गाउँपालिका

## उद्देश्य र कारण

डिलासैनी गाउँपालिकामा स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोल प्रस्तुत विधेयक पेश गर्नु परेको हो ।

प्रस्तुत विधेयकको व्यवस्थाले डिलासैनी गाउँपालिकामा वैज्ञानिक कर प्रणाली अवलम्बन गर्ने र करदातालाई कर तिर्न प्रोत्साहित गर्ने प्रयत्न गरिएको छ ।

**(पार्वतिकुमारी भण्डारी राना)**
**उपाध्यक्ष,**
**डिलासैनी गाउँपालिका**

**डिलासैनी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७५**

**सभाबाट स्वीकृत मितिः २०७५।०३।२६**

**प्रमाणीकरण मितिः २०७५।०३।२८**

**प्रस्तावनाः**

डिलासैनी गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्थ ागर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम डिलासैनी गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “डिलासैनी गाउँपालिकाको आर्थिक ऐन, २०७५” रहेको छ ।

(२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि डिलासैनी गाउँपालिका क्षेत्रमा लागु हुनेछ ।

२. **सम्पत्ति करः** गाउँपालिकाका क्षेत्रभित्र अनुसूची (१) बमोजिम सम्पत्ति कर/घरजग्गा कर लगाइने र असुल उपर गरिनेछ ।

३. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असुल गरिनेछ ।

४. **घरजग्गा रजिष्ट्रेशन शुल्कः** गाउँपालिका अन्तर्गत घरजग्गाको कारोबारमा अनुसूची (३) बमोजिम घरजग्गा रजिष्ट्रेशन शुल्क लगाइने र असूल उपर गरिने छ ।

५. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (४) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

६. **भूमिकर (मालपोत)ः** गाउँपालिका क्षेत्रभित्र अनुसूची (५) बमोजिम भूमिकर (मालपोत) लगाइने र असुल उपर गरिनेछ ।

७. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची (६) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूची (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र अनुसूची (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

११. **पार्किंग शुल्कः** डिलासैनी गाउँपालिकाले उपलब्ध गराएको पार्किंग क्षेत्रमा सवारी साधन पार्किंग गरेबापत अनुसूची (१०) बमोजिम शुल्क लगाइने र असूल उपर गरिने छ ।

१२. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले जडिबुटी, कवाडि र जीवजन्तुको व्यवसायिक कारोबार गरेवाफत अनुसूची (११) बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ ।

११. **प्राकृतिक स्रोत उपयोग करः** गाउँपालिका क्षेत्रभित्रको प्राकृतिक स्रोतको उपयोगमा अनुसूची (१२) मा उल्लेख भए बमोजिम शुल्क लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१२. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची (१३) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१३. **कर/दस्तुर संकलन सम्बन्धि अन्य व्यवस्थाः** गाउँपालिकाको अधिकार क्षेत्रभित्र पर्ने यस ऐनमा उल्लेख भएबाहेकका क्षेत्रहरुमा कर तथा दस्तुर तोक्नु पर्ने भएमा गाउँ कार्यपालिकाको बैठकले निर्णय गरी गाउँसभाबाट अनुमोदन गरी दर बनाई लागु गर्न तथा संकलन र असुल उपर गर्न सक्नेछ । तर, संघीय सरकार र प्रदेश सरकारको कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१४. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको भर छुट दिईने छैन । तर सेवा शुल्क दस्तुर छुट गर्ने विषयमा संघीय, प्रादेशिक र स्थानीय कानूनमा व्यवस्था भएमा सोही बमोजिम हुनेछ ।

१५. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

## अनुसूची १

| | | | |
|---|---|---|---|
| १ | सम्पत्ति कर | मूल्यांकित रकमको ०.२५ प्रतिशत | |

## अनुसूची २

| | | | |
|---|---|---|---|
| २ | घर बहाल कर | बहाल आय रकमको २ प्रतिशत | |

## अनुसूची ३

| | | | |
|---|---|---|---|
| ३ | घर जग्गा रजिष्ट्रेशन शुल्क | प्रदेश सरकारको आर्थिक ऐन बमोजिम | |

## अनुसूची ४

| | | | |
|---|---|---|---|
| ४ | सवारी साधन कर (टाँगा, रिक्सा, अटो रिक्सा र ई रिक्साको दर्ता र नवीकरणमा वार्षिक शुल्क) | २००० | |

## अनुसूची ५

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | भूमिकर (मालपोत) | जग्गाको वर्ग | न्यूनतम ५ रोपनीसम्म रु. | | थप प्रति रोपनी रु. | |
| | | | खेत | पाखो | खेत | पाखो |
| | | अब्बल | २५ | २० | ६ | ४।५ |
| | | दोयम | २० | १५ | ५ | ३।५ |
| | | सीम | १५ | १० | ४ | २।५ |
| | | चाहार | १० | ५ | ३ | १।५ |

## अनुसूची ६

| | | | | |
|---|---|---|---|---|
| ६ | मनोरञ्जन कर | प्रति सांगितिक महोत्सव | प्रदेश आर्थिक ऐन बमोजिम हुने | |
| | | प्रति खेलकूद चर्खा आदि | | |

## अनुसूची ७

| | | | | |
|---|---|---|---|---|
| ७ | विज्ञापन कर | प्रति होडिंग बोर्ड | ३०० | |
| | | गाडीमा गरिने विज्ञापन | १५० | |

## अनुसूची ८

| | | | | |
|---|---|---|---|---|
| ८ | व्यवशाय कर | व्यवशाय दर्ता र नवीकरणमा | वार्षिक पूँजीगत लगानीको ०.३ प्रतिशत | |

## अनुसूची ९

| | | | | |
|---|---|---|---|---|
| ९ | बहाल बिटौरी शुल्क | हाट बजारमा सरकारी जग्गामा  पसल राखेमा | २०० | |

| | | | | |
|---|---|---|---|---|
| | | गाउँपालिका क्षेत्रमा फेरिमा सामान बेच्नेलाई वार्षिक कर | २००० | |

## अनुसूची १०

| | | | | |
|---|---|---|---|---|
| १० | पार्किङ्ग शुल्क | मोटरसाइकल | ५० | |
| | | हलुका सवारी साधन | १०० | |
| | | बस, ट्रक, ट्रिपर आदि | २०० | |
| | | हेभि इक्युपमेन्ट | ३०० | |

## अनुसूची ११

| | | | | |
|---|---|---|---|---|
| ११ | जडिबुटी, कवाडी र जीवजन्तु कर | गाउँपालिकाबाट घरपालुवा जनावरको निकासीमा | प्रतिभैसी राँगा २५० प्रतिखसि बाखा १०० चमलिया नदीमा माछा मार्ने दर छिमेकी गा.पा. न.पा. सँग समन्वय गरी कार्यपालिकाले निर्णय गरे बमोजिम हुने | |
| | | जडिबुटी, खोटो आदि प्रति क्विन्टल निकासीमा | विक्री मुल्यको ०.५ प्रतिशत | |
| | | कवाडि कर प्रति क्विन्टल निकासीमा | २० | |

## अनुसूची १२

| | | | | |
|---|---|---|---|---|
| १२ | प्राकृतिक श्रोत कर | | प्रदेश सरकारको आर्थिक ऐन बमोजिम | |

## अनुसूची १३

| | | | | |
|---|---|---|---|---|
| १३ | सेवा, शुल्क, दस्तुर | घर जग्गा नामसारी सिफारिस | १५० | |
| | | मोही लगत कट्टा सिफारिस | १०० | |
| | | घर कायम सिफारिस | १५० | |
| | | छात्र बृत्ति सिफारिस | निशुल्क | |
| | | विपन्न विद्यार्थी छात्र बृत्ति सिफरिस | निशुल्क | |
| | | अपांगता सिफारिस | निशूल्क | |
| | | अस्थायी बसोवास सिफारिस | १०० | |
| | | स्थायी वसोवास सिफारिस | १५० | |
| | | नागरिकता सिफारिस | १२५ | |
| | | नागरिकता र प्रतिलिपि सिफारिस | १५० | |
| | | अंगिकृत नागरिकता सिफारिस | ५०० | |
| | | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | निशूल्क | |

| | | | | |
|---|---|---|---|---|
| | | आर्थिक अवस्था वलियो वा सम्पन्नता प्रमाणित | १५०० | |
| | | विद्युत जडान सिफारिस | १५० | |
| | | धारा जडान सिफारिस | १०० | |
| | | जिवित रहेको सिफारिस | १५० | |
| | | दुवै नाम गरेको व्यक्ति एउटै हो भन्ने सिफारिस/ फरक जन्ममिति संशोधन सिफारिस | १२५ | |
| | | जग्गा मूल्याङ्कन सिफारिस र प्रमाणित | ३०० | |
| | | व्यवसाय वन्द सिफारिस | १५० | |
| | | व्यवसाय सञ्चालन नभएको सिफारिस | १५० | |
| | | व्यापार व्यवसाय नभएको सिफारिस | १५० | |
| | | कोट फी मिनाहा सिफारिस | निशूल्क | |
| | | नावालक परिचयपत्र सिफारिस | १०० | |
| | | चौपाया सम्बन्धी सिफारिस | २०० | |
| | | व्यवसाय दर्ता वा सिफारिस | २५० | |
| | | उद्योग ठाउँ सरी सिफारिस | १२०० | |
| | | विद्यालय ठाउँ सरी सिफारिस | ८०० | |
| | | आन्तिरिक बसाइँसराई सिफारिस | १५० | |
| | | व्यक्तिगत विवरण सिफारिस | १५० | |
| | | जग्गा दर्ता सिफारिस | २५० | |
| | | संरक्षक सिफारिस (व्यक्तिगत) | १५० | |
| | | संरक्षक सिफारिस (संस्थागत) | २०० | |
| | | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | निशूल्क | |
| | | जिवित संगको नाता प्रमाणित | १५० | |
| | | मृतक संगको नाता प्रमाणित | १२५ | |
| | | कोठाखोल्ने कार्य/ रोहवरमा वस्ने कार्य | २०० | |
| | | निशुल्क वा सशुल्क स्वास्थ्य उपचार सिफारिस | निशूल्क | |
| | | अन्य कार्यालयको माग अनुसार विवरण खुलाइ पठाउने कार्य | निशूल्क | |
| | | संस्थादर्ता वा सिफारिस | २५० | |
| | | घरबाटो प्रमाणित | २५० | |
| | | चार किल्ला प्रमाणित | २५० | |
| | | जन्म मिति प्रमाणित | १५० | |
| | | विवाह प्रमाणित | २०० | |

| | | | | |
|---|---|---|---|---|
| | | कागज मन्जुरीनामा प्रमाणित | १५० | |
| | | हकवाला वा हकदार प्रमाणित | १५० | |
| | | अविवाहित प्रमाणित | १५० | |
| | | जग्गा रेखाङ्कनको कार्य वा सो कार्यमा रोहवर | २५० | |
| | | जग्गा धनीपूर्जा हराएको सिफारिस | २०० | |
| | | पूर्जामा घर कायम गर्ने सिफारिस | २५० | |
| | | अंग्रेजी सिफारिस तथा प्रमाणित | २५० | |
| | | मिलापत्र कागज /उजुरी दर्ता | २०० | |
| | | जन्मदर्ता | ५० | |
| | | मृत्यु दर्ता | ५० | |
| | | वसाई सराई आउने/जाने दर्ता | ५० | |
| | | पक्का घरको सर्जमिन वापत | निशूल्क | |
| | | अन्य सवै प्रयोजनको सर्जमिन वापत | निशूल्क | |
| | | अचल सम्पत्ति मूल्याकंन | २५०० | |
| | | रकम कलम उढाई दिएवापत | ५ प्रतिशत | |
| | | सम्वन्धविच्छेद दर्ता | ५०० | |
| | | विवाह दर्ता | ५० | |
| | | व्यक्तिगत घटना दर्ता प्रतिलिपि | १०० | |
| | | उल्लेखित बाहेक अन्य | | |
| | | सिफारिस (संस्थागत) | २५० | |
| | | सिफारिस (व्यक्तिगत) | १५० | |
| | | प्रमाणित (संस्थागत) | ३५० | |
| | | प्रमाणित (व्यक्तिगत) | १५० | |
| | | संशोधन | २५० | |
| | | राजपत्र विक्री शुल्क | राजपत्रसम्बन्धी कार्यविधि बमोजिम हूने | |
| | | बोलपत्र बिक्री शुल्क | सार्वजनिक खरीद ऐन बमोजिम | |